# स्थानीय राजपत्र

खण्ड १ कीर्तिपुर, साउन ३१ गते, २०७५ साल

**भाग-२**

**कीर्तिपुर नगरपालिकाको**

**सूचना**


## सम्पत्ति कर व्यवस्थापन(पहिलो संशोधन) कार्यविधि, २०७५

सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वान्छनिय भएकोले,

सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी कीर्तिपुर नगर कार्यपालिकाले देहाय बमोजिम संशोधन गरेको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ मा संशोधन भएको व्यहोराः-**

- मुल दफा ८ को उपदफा ४ मा थप गरिएको "संरचना बिहिन जग्गाको विवरण भर्दा कृषि भूमि भए सम्पत्ति धनीले अनुसुचि ४ को जग्गाको विवरण फारम को महल ५ को जग्गाको प्रयोग अन्तरगत 'कृषि भूमि' भनि खुलाउनु पर्नेछ ।"
- मुल दफा १९ को उपदफा २ मा "संरचना विहिन खालि जग्गाको सम्पत्ति मुल्यांकन गर्दा सम्पत्ति धनीले स्वयं दाखिला गरेको विवरणमा 'कृषि भूमि' भनी उल्लेख गरेकोमा आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसुचि २ बमोजिम प्रति रोपनी रु. १००/- (रु एक सय मात्र) प्रति वर्षका दरले भूमिकर (मालपोत) कायम गरिनेछ।"

मितिः- २०७५ साउन ३१ गते

आज्ञाले,
(निरन्जन श्रेष्ठ)
प्रमुख प्रशासकिय अधिकृत